आज मिति २०८२ साल असार ०९ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरुः**

श्री विपना श्रेष्ठ – प्रशासन शाखा

श्री श्री रवि कटवाल - कार्यालय सहयोगी

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा।
३. आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा।
४. विधेयक सम्बन्धमा।
५. आ.व. २०८२/०८३ को राष्ट्रिय रोजगार कार्यक्रमको आयोजना सम्बन्धमा।
६. चालु आर्थिक वर्ष २०८१/०८२ को खर्च अनुमोदन सम्बन्धमा।
७. स्वीकृत दरबन्दी बाहेकका कर्मचारीहरु र ज्यालादारी कर्मचारीहरुको नियुक्ति अनुमोदन सम्बन्धमा।
८. बेरुजु संपरीक्षण सम्बन्धमा।
९. विविध समसामयीक विषयको सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १, उपर निर्णय**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २, उपर निर्णय**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम पारित गरि आगामी अठारौँ गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो। नीति तथा कार्यक्रम यसै साथ संलग्न छ।

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम पारित गरि आगामि अठारौँ गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो। बार्षिक बजेट तथा कार्यक्रम यसै साथ संलग्न छ।

**४. निर्णय नं. ४, प्रस्ताव नं. ४, उपर निर्णय**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट प्रस्ताव भएका देहायका विधेयकहरु पारित गरि आगामि अठारौँ गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

क) आर्थिक विधेयक, २०८२
ख) विनियोजन विधेयक, २०८२
ग) दलित सशक्तिकरण र विकास सम्बन्धमा बनेको विधेयक, २०८२

**५. निर्णय नं. ५, प्रस्ताव नं. ५, उपर निर्णय**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु वडागत रुपमा सञ्चालन गर्न बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि गाँउसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**राष्ट्रिय रोजगार कार्यक्रम आ.व. २०८२/०८३ को आयोजनाको विवरण**

| क्र स | आयोजनाको विवरण |
|---|---|
| १ | सोलिङ तथा घोरेटो बाटो निर्माण आयोजना लिखु-१ |
| २ | १. वाङ्गेटार आँपडाँडा सडक सोलिङ तथा ढलान स्तरोन्नती आयोजना लिखु-२<br>२. मुलपँधेरा ठुलो चिलाउने सिडी निर्माण आयोजना लिखु-२ |
| ३ | कृषि सडक सोलिङ तथा जाली निर्माण आयोजना लिखु-३ |
| ४ | सहायक कृषि सडक स्तरोन्नती आयोजना लिखु-४ |
| ५ | १. खहरेखोला वसपार्क सडक सोलिङ आयोजना लिखु-५<br>२. भालुडाँडा आईतबारे, मानेडाँडा घोरेटो बाटो निर्माण आयोजना लिखु-५ |
| ६ | डाँडाटोल गैराघर रबेवर सडक सोलिङ आयोजना लिखु-६ |
| ७ | स्थानीय सडक स्तरोन्नती तथा स्थानीय घोरेटो बाटो निर्माण आयोजना लिखु-७ |
| ८ | सातदोबाटो सिस्ने घोरेटो बाटो निर्माण तथा मुलावारी कोप्चे सडक सोलिङ आयोजना लिखु-८ |
| ९ | सोलिङ स्तरोन्नती मर्मत आयोजना लिखु-९ |

६. **निर्णय नं. ६, प्रस्ताव नं. ६, उपर निर्णय**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को लागि सोह्रौ गाउँसभाको बैठकबाट मिति २०८१/०३/२७ गते पारित नीति, कार्यक्रम तथा बजेट अनुरुप गाउँपालिकाको निर्णय बमोजिम भएका कार्य एवम् खर्चहरु गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत स्तरीय निर्णयबाट गाउँपालिकाबाट भएका कार्य एवम् खर्चहरु अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

७. **निर्णय नं. ७, प्रस्ताव नं. ७, उपर निर्णय**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको कार्यालय, विषयगत शाखाहरु र मातहतका कार्यलयहरुमा स्वीकृत दरबन्दी बाहेकका गाउँ कार्यपालिकाको निर्णय बमोजिम नियुक्ति भएका स्वास्थ्य सेवाका कर्मचारीहरु मेडिकल अधिकृत ल्याब टेक्निसियन तथा नेत्र सहायक र कार्यालयमा नियुक्त भएका ज्यालादारी कर्मचारीहरुको नियुक्ति अनुमोदनका लागि गाउँसभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**८. निर्णय नं. ८, प्रस्ताव नं. ८, उपर निर्णय**

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको बिभिन्न आ.ब. मा महालेखा परिक्षकको कार्यालयबाट औल्याइएका बेरुजु आर्थिक कार्यबिधी तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ अनुसार सार्वजनिक लेखा तथा आर्थिक समितिको सिफारिस बमोजिम नियमित गरी बेरुजु फछर्यौट तथा फरफारकको लागी दफावार छलफल गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो । समितिको निर्णय यसैसाथ संलग्न छ ।

**९. निर्णय नं. ९, प्रस्ताव नं. ९, उपर निर्णय**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आगामी कार्यपालिकाको बैठक आवश्यकतानुसार बस्ने सर्वसम्मत निर्णय गरियो ।